# गङ्गाजमुना राजपत्र

गङ्गाजमुना गाउँपालिकाद्वारा प्रकाशित

**खण्डः ९) धादिङ, जेष्ठ २१ गते, २०८२ साल (संख्याः २**


**भाग-२**

फुलखर्क, धादिङ, बागमती प्रदेश, नेपाल

**गङ्गाजमुना गाउँपालिकाको**

**सूचना**

गङ्गाजमुना गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८१ सालको कार्यविधि नं. ५

# गङ्गाजमुना गाउँपालिका भरीको आधुनिक आरन व्यवस्थापन तथा सञ्चालन सम्बन्धी कार्यविधि- २०८२

प्रस्तावनाः

गङ्गाजमुना गाउँपालिका भित्र सङ्घीय बिशेष बजेटको लगानीबाट निर्माण भएका वा हुने आरन लाई उद्देश्यमुलक, दिगो, प्रतिफलयुक्त र सम्बन्धित समुदायहरुको सहभागिता सुनिश्चित हुने गरी सञ्चालनका लागि र सरोकारवाला समुदायहरुको आर्थिक बृद्बि तथा विकासका लागि समेत टेवा पुर्याउने गरी उक्त आरनहरु सञ्चालन तथा व्यवस्थापनका लागि स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ र गङ्गाजमुना गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ बमोजिम गङ्गाजमुना गाउँ कार्यपालिकाले यो कार्यविधि तयार गरेको छ।

## परिच्छेद—१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम गङ्गाजमुना गाउँपालिका भरिको आधुनिक आरन व्यवस्थापन तथा सञ्चालन सम्बन्धी कार्यविधि-२०८२ रहने छ।

ख. यो कार्यविधि गङ्गाजमुना गाउँ कार्यपालिकाको बैठकवाट पास भए पछि कार्यान्वयन हुनेछ ।

**२. परिभाषाः**

क. वडाध्यक्ष भन्नाले सम्बन्धित वडाको वडाध्यक्ष सम्झनु पर्दछ।

ख. अध्यक्ष भन्नाले आधुनिक आरन व्यवस्थापन तथा सञ्चालन समितिको अध्यक्ष सम्झनु पर्दछ।

ग. दलित वडासदस्य भन्नाले सम्बन्धित वडाको दलित वडा सदस्य सम्झनु पर्दछ।

घ. कार्यपालिका र गाउँसभा भन्नाले यस गङ्गाजमुना गाउँपालिकाको कार्यपालिका र गाउँसभालाई सम्झनु पर्दछ।

ङ. कार्यविधि भन्नाले गङ्गाजमुना गाउँपालिका भरिको आधुनिक आरन व्यवस्थापन तथा सञ्चालन सम्बन्धी कार्यविधि-२०८२ लाई सम्झनु पर्छ ।

च. सहयोग भन्नाले यस गङ्गाजमुना गाउँपालिकाबाट प्रदान गरिने आर्थिक, प्राविधिक तथा जिन्सी सहयोग लगायत अन्य जुनसुकै किसिमको सहयोगलाई सम्झिनु पर्दछ।

**३. आधुनिक आरन व्यवस्थापन तथा सञ्चालन समिति गठन सम्बन्धमाः**

क. प्रत्येक निर्मित वा निर्माण हुने आधुनिक आरन व्यवस्थापन तथा सञ्चालनका लागि एक ७ सदस्यीय देहाय बमोजिमको समिति गठन गर्नुपर्नेछ।

- अध्यक्ष – सम्बन्धित वडाको दलित वडा सदस्य वा वडा समितिले तोकेको ब्यक्ति
- उपाध्यक्ष – सम्बन्धित वडा समितिले तोकेको ब्यक्ति
- कोषाध्यक्ष – सम्बन्धित वडा समितिले तोकेको ब्यक्ति
- सचिव - सम्बन्धित वडा समितिले तोकेको ब्यक्ति
- सदस्य – आधुनिक आरन व्यवस्थापन तथा सञ्चालन समितिको अध्यक्षले तोकेको तीन जना ब्यक्ति

ख. आरन व्यवस्थापन तथा सञ्चालन समितिको गठन कार्यविधि स्वीकृत भएको १५ दिन भित्र गरिसक्नु पर्नेछ। समिति गठनको जिम्मेवारी वडा समितिको हुनेछ।

ग. आरन व्यवस्थापन तथा सञ्चालन समितिको बैठक महिनामा कम्तिमा १ पटक बस्नुपर्नेछ। समितिको बैठक अध्यक्षको आदेशमा सचिबले बोलाउनुपर्नेछ।

**४. आधुनिक आरन व्यवस्थापन तथा सञ्चालन समितिको काम कर्तब्य अधिकारः**

क. आरनलाई दिगोरुपमा अधिकतम सबैको सहभागिता हुने गरी सञ्चालन गर्नु पर्नेछ।

ख. आरन सञ्चालन गर्नका लागि आवश्यक पर्ने रकम व्यवस्थापन तथा सेवाग्राही सँग उचि शुल्कको दर रेट तोक्ने, अन्य संघ संस्था वा स्थानीय सरकार लगायत अन्य सरकार सँग बजेट माग तथा प्राप्त गरी आरन लाई थप सुव्यवस्थित तथा आधुनिक बनाउँदै लैजानु पर्नेछ।

ग. आरनको भौतिक सम्पत्तिको सुरक्षा तथा संरक्षण गर्नु पर्नेछ।

घ. भौतिक संरचना जिर्ण नभएसम्म सञ्चालन गरी आरन सञ्चालन रहुञ्जेल संरचना बनेको जग्गा निजी भएता पनि निर्वाध प्रयोग गर्न पाउने मञ्जुरीनामा वा दान लिखत पारित राजिनामा पारित गरी उयोगको सुनिश्चितता कायम राख्नु पर्नेछ।

ङ. आरनलाई थप आधुनिक तथा व्यवसायिक बनाउँदै लैजानु पर्नेछ।

**५. खाता सञ्चालन सम्बन्धमाः**

क. प्रत्येक निर्मित आरनको व्यवस्थापन तथा सञ्चालन समितिमा रहेको अध्यक्ष र कोषध्याक्षको नाममा बैंक खाता खोल्नु पर्नेछ र सम्पूर्ण कारोबार बैंक मार्फत गर्नु पर्नेछ।

ख. समितिले आरन व्यवस्थापन तथा सञ्चालन मार्फत प्राप्त आम्दानी र खर्चको लेखा राख्नु पर्नेछ र बार्षिकरुपमा लेखा परीक्षण गराउनु पर्ने छ।

**६. अनुगमन तथा मूल्यांकन प्रक्रियाः**

गङ्गाजमुना गाउँ कार्यपालिकावाट नियमित रुपमा अनुगमन तथा मूल्यांकन कार्य गरिनेछ। अनुगमन तथा मूल्यांकन पश्चात देखिएका समस्याहरुको समाधानको लागि गाउँ कार्यपालिकामा आवश्यक छलफल नियमित रुपमा गरिनेछ र गाउँपालिकाबाट दिएको निर्देशन समितिले अनिबार्य पालना गर्नुपर्नेछ।

**७. बाधा अडकाउ फुकाउनेः**

यस कार्यविधि बमोजिम आधुनिक आरन व्यवस्थापन तथा सञ्चालन सम्वन्धमा कुनै बाधा पर्न गएमा वा थप व्याख्या गर्नुपर्ने भएमा कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

**८. गङ्गाजमुना गाउँपालिकाले कार्यविधिमा आवश्यकता अनुसार संशोधन वा हेरफेर गर्न सक्नेछ ।**

आज्ञाले,

सन्जय बहादुर स्याङताङ

प्रमुख प्रशासकीय अधिकृत